म्याग्दे गाउँपालिका
Myagde Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of the Rural Municipal Executive
छाङ्, तनहुँ
Chhang, Tanahun
२०७३ (2073)

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प.सं. (Ref.No.):- २०८२/०८३
च.नं. (Dis.No.):-

मिति (Date):- २०८२/०६/०७

सूचना ! सूचना !! सूचना !!!

आर्थिक वर्ष २०८२।०८३ को विनियोजित बजेटबाट लागत सहभागितामा आधारित योजनाहरुलाइ विनियोजन गरिएको रकम कार्यान्वयन गर्न यसै आ.व.को १८ औं गाउँ सभाको निर्णय नं १८ को १० तथा मिति २०८५।०६।०५को कार्यपालिकाको निर्णय बमोजिम तपशिल बमोजिमको क्षेत्रहरुमा लागत सहभागिताका कार्यक्रमहरु सञ्चालन गर्न इच्छुक टोल विकास संस्था, उपभोक्ता समितिहरुलाई यो सूचना प्रकाशन भएको मिति देखि २०८२ कार्तिक १५ गते भित्र आफुले सञ्चालन गर्न चाहेको आयोजनाको विवरण वडा कार्यालय मार्फत पेश गर्नुहुन सम्बन्धित सरोकारवालाहरु सवैमा यो सूचना प्रकाशन गरिएको छ ।

खण्ड (क).

| क्र.सं. | आयोजनाको नाम | कुल लागतमा सहभागिताको अंश प्रतिशतमा | |
|---|---|---|---|
| | | गा.पा.अनुदान (अधिकतम अंश) | उपभोक्ताले व्यहोर्ने लागत (न्युनतम अंश) |
| १ | सिंचाई संरचना निर्माण | ६५ | ३५ |
| २ | भवन संरचना निर्माण | ५० | ५० |
| ३ | सडक, पुल र कल्भेट संरचना निर्माण | ६० | ४० |
| ४ | खानेपानी संरचना निर्माण | ७० | ३० |
| ५ | विद्युत संरचना निर्माण | ७० | ३० |
| ६ | अन्य सार्वजनिक निर्माण | ६० | ४० |
| ७ | विद्यालय संरचना निर्माण | ७० | ३० |
| ८ | कृषि/पशु जन्य उत्पादन केन्द्र संरचना निर्माण (२ देखि अधिकतम ५ लाख सम्मको योजना मात्र) | ६० | ४० |
| ९ | सफ्टवयर तथा बौद्धिक सम्पत्तीको हकमा | ६० | ४० |
| १० | कृषि जन्य/ पशु जन्य/स्थानीय कच्चा पदार्थमा आधारित रोजगार मूलक (५ जना वा सो भन्दा बढीलाई रोजगार दिने उद्योगमा मेशिन बाहेक अन्य संरचना निर्माण) को हकमा | ३० | ७० |

**खण्ड (ख).**

१.माथि उल्लेखित साझेदारी रकम समुह तथा व्यक्तिले स्वयंम नगद जम्मा गरी कार्य गरेको हकमा मात्र लागु हुने ।

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

म्याग्दे गाउँपालिका
Myagde Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
छाङ्, तनहुँ
Chhang, Tanahun
२०७३ (2073)

गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

प.सं. (Ref.No.):- २०८२/०८३
च.नं. (Dis.No.):-
मिति (Date):-

२.गै.स.स तथा विदेशी निकायबाट प्राप्त हुने सहयोग रकम सहित योजना साझेदारीमा माथिका सबै वर्गिकृत विषय तथा योजना खण्डमा उक्त निकायको ५०% र गा.पा.को अधिकतम २५% र उपभोक्ता समितिको २५% साझेदारी हुने ।

३. सुर्य नेपाल लगायत अन्य निजि कम्पनी तथा संघ संस्ताबाट योजना संचालन गर्ने गरी स्वीकृत हुने योजनाको हकमा बजेट तजुर्माको समयमानै योजना तथा कार्यक्रमको विवरणगाउँपालिकालाइ उपलब्ध गराएको अवस्था सगै सभामा छलफल भए पश्चात त्यस्ता निकाय वा संस्थाको ५०% र गा.पा.को २५% र उपभोक्ता समितिको २५% साझेदारी कार्यक्रम कार्यन्वयन हुने ।

**शर्तहरु :**

१. गाउँ क्षेत्र पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ (संशोधनसहित, २०७६) बमोजिम कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।
२. उपरोक्त आयोजनाको कुल बजेट रु.२ लाख भन्दा घटी नहुने गरी आयोजनाहरु छनौट गर्नुपर्नेछ ।
३. आयोजनाको अनुमानित लागतको रकम उल्लेख गरी आफुले नगद सहभागिता व्यहोर्ने रकम उल्लेख गरी प्रतिवद्धता सहितको आम भेलाको निर्णयबाट गरी पेश गर्नुपर्नेछ ।
४. उपभोक्ता समिति, टोल विकास संस्थाको भेलाको निर्णय, उपभोक्ता समिति गठन, लागत सहभागिता प्रतिवद्धता सहितको निर्णय वडा कार्यालयमा पेश गर्नुपर्नेछ ।
५. वडा कार्यालयले प्राप्त आयोजनाहरुको विवरण अनुसूची-१ बमोजिम तयार गरी गाउँपालिकामा पठाउनु पर्नेछ ।
६. वडाबाट प्राप्त आयोजनाहरुको लागत अनुमान सहितको विवरण गाउँ कार्यपालिकाले स्वीकृत गरिसकेपछि कार्यान्वयन गरिनेछ ।
७. यो कार्यविधि बमोजिम छनौट भएका आयोजनाहरुको कार्यान्वयन यस गाउँपालिकाबाट स्वीकृत भएको स्थानीय तहमा उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ बमोजिम हुनेछ ।
८. कार्यविधि बमोजिम छनौट भएका आयोजनाहरु कार्यान्वयन गर्न सम्बन्धित उपभोक्ता समितिले व्यहोर्ने अंशको लागत (नगद)सहभागिताको रकम यस गाउँपालिकाको विविध खर्च खाता नं. ०७८०३००००९१, लक्ष्मी सनराइज बैंक लिमिटेड, थर्पु शाखा, गाउँपालिका काउण्टरमा जम्मा गरी सोको सक्कलै भौचर आर्थिक प्रशासन शाखा र भौचरको प्रतिलिपि योजना कार्यान्वयन तथा अनुगमन मूल्यांकन शाखामा निवेदन सहित पेश गर्नुपर्नेछ ।

**नोट :** गत आ.व.हरुमा रकम जम्मा गरी सम्झौता भएका वा नभएका योजनाहरुले यस आ.व.मा योजना कार्यान्वयन गर्ने प्रतिवद्धता सहित योजना सम्झौता तथा कार्यान्वयनको लागि वडा कार्यालयको सिफारिस सहित तोकिएको समय भित्र पेश गर्नु हुन ।

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

अनुसुचि १

# म्याग्दे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, छाङ्, तनहुँ
## आयोजना लगानी विवरण

मिति

आ.व. २०८२।०८३

| क्र. सं. | आयोजनाको किसिम | आयोजाको नाम र आयोजनाको स्थल (वडा नं. र टोल) | कुल लागत रकम | लक्ष्य | एकाई | एकई लागत सहभागिता | | | कार्यान्वयन हुने मिति | | आयोजना संचालन प्रक्रिया | लाभान्वित वर्ग | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | गा.पा. अनुदान रकम | उपभोक्ता समिति | जम्मा | शुरु | सम्पन्न | | महिला | पुरुष |
| १. | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | | | |

तयार गर्ने
नाम :
पद :

सिफारिस गर्ने
नाम :
पद :

स्वीकृत गर्ने
नाम :
पद :

म्याग्दे गा.पा.
गाउँ कार्यपालिकाको कार्यालय, छाङ्ग तनहुँ
आयोजना लगानी विवरण

गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय छाङ्ग, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

मिति :

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

## लागत सहभागिता प्रतिवद्धता पत्र

आर्थिक वर्ष २०८२/०८३ को विनियोजित बजेटवाट (*जनसहभागितामा आधारित सार्वजनिक निर्माण लागत सहभागिता तर्फ*) लागत सहभागितामा आधारित योजनाहरु निम्न विवरण सहित नगद सहभागिताको प्रतिवद्धता पेश गर्दछौं ।

१ .आयोजनाको नाम :

२. आयोजना ठेगाना (टोल समेत) :

३. कुल लागत रकम :

४. गाउँपालिकावाट अपेक्षा गरिएको रकम :

५ .उपभोक्ता समितिवाट नगद सहभागिता रकम रू.:

| | | |
|---|---|---|
| उपभोक्ता समिति<br>अध्यक्ष | उपभोक्ता समिति<br>कोषाध्यक्ष | उपभोक्ता समिति<br>सचिव |